कोहलपुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके

Google Plus Code
6M2Q+5V7 Kohalpur
लुम्बिनी प्रदेश, नेपाल

प.सं.: २०८२/०८३ (कर्मचारी प्रशासन उपशाखा)
च.नं.: १९६४

## करारमा सेवा लिने सम्बन्धी सूचना

(सूचना प्रकाशित मिति २०८२/१२/१६)

कोहलपुर नगर कार्यपालिकाको मिति २०८२/११/२९ गतेको निर्णयानुसार नगर कार्यपालिकाको कार्यालय अन्तर्गत देहायको संख्या र योग्यता भएको प्राबिधिक कर्मचारी करारमा राख्नुपर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र दिनको ३:०० बजेसम्म राजस्व तिरेको रसिद सहित नगर कार्यपालिकाको कार्यालयको कर्मचारी प्रशासन उपशाखामा दरखास्त दिनुहुन सम्बन्धित सबैको लागी यो सूचना प्रकाशन गरिएको छ।

तपशिलः

| सि.नं. | बिज्ञापन नं. | पद | तह | संख्या | आवेदन दस्तुर रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | ४-२०८२/०८३ | हे.अ. | पाँचौ | २(दुई) | ५०० | |
| २ | ५-२०८२/०८३ | फार्मेसी सहायक | पाँचौ | २(दुई) | ५०० | |
| ३ | ६-२०८२/०८३ | अ.हे.ब. | चौथो | १(एक) | ४०० | |
| ४ | ७-२०८२/०८३ | सहायक कम्प्युटर अपरेटर | चौथो | २(दुई) | ४०० | |
| ५ | ८-२०८२/०८३ | का.स. | श्रेणिविहीन | ३(तीन) | ३०० | |

१. आवश्यक न्युनतम योग्यता र अनुभवः
   क. सम्बन्धित पदको लागि लोकसेवा आयोगले तोके बमोजिमको योग्यता पुगेको हुनुपर्नेछ ।
   ख. उमेरः दरखास्त दिने अन्तिम मितिमा १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको ।

२. छनौटको किसिमः प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन र अन्तर्वार्ता (कोहलपुर नगरपालिकामा प्राबिधिक कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यबिधी, २०८२ एवं पदपूर्ति समितिको निर्णय बमोजिम)।

३. दरखास्तसाथ पेश गर्नुपर्ने कागजातः नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी, आवश्यक शैक्षिक योग्यताको प्रतिलिपी, प्रचलित कानून बमोजिम काउन्सिल वा परिषद दर्ता भएको प्रतिलिपी, स्थानीय खुल्ने कागजात, तालिम र अनुभव प्रमाणपत्रको प्रतिलिपी सहित पूर्णरुपमा भरिएको दरखास्त फाराम सहितको फाइल । पेश गरिने सबै प्रतिलिपीको पछाडी उम्मेदवार स्वयंले हस्ताक्षर गरी प्रमाणित गर्ने ।

४. सेवा शर्त र सुविधाः करार सम्झौता बमोजिम ।

...................................
(मान बहादुर गिरी)
प्रमुख प्रशासकीय अधिकृत